# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर, सल्यान
### कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्याः २०८०/८१ मितिः २०८१/०३/०५

चलानी नं.: ने.सं.- ११४४ तछलाथ्व, १२ बुधवार

विषयः विपद्जन्य घटनाबाट पूर्व सावधानी अपनाउने सम्बन्धी सूचना ।

श्री कालिमाटी गाउँपालिका निवासी आम सर्वसाधारण सबै,
कालिमाटी गाउँपालिका, सल्यान ।

मिति २०८१/०२/३२ गते कालिमाटी गाउँपालिकाका अध्यक्ष तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री दान बहादुर खत्रीको अध्यक्षतामा भएको कालिमाटी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको बैठकबाट वर्षातको समयमा हुन सक्ने भूक्षय एवं पहिरो र बाढी आउन सक्ने लगाएतका विपद्का संभावनालाई दृष्टिगत गरी यस गाउँपालिका भित्र रहेका सबै सुरक्षा निकाय, वडा कार्यालय, विद्यालय, सरकारी एवं गैरसरकारी निकाय, सामाजिक संघ संस्था, निजी क्षेत्रलाई उच्च सतर्क अवस्थामा रहन तथा विपद्को समयमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, वालवालिकाको विशेष ध्यान दिन सम्बन्धित सबैलाई यो सूचना जारी गरिएको छ । साथै, विपद् व्यवस्थापनमा खट्नुहुने सम्पूर्ण सर्वसाधारण एवं सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सबैलाई कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय निम्नानुसार हार्दिक अनुरोध गर्दछ ।

१. मनसुन सक्रिय अवधिभर भूक्षय, बाढी, पहिरो, कटानका कारण जोखिमयुक्त स्थानहरुमा विशेष सावधानी अपनाउने । बस्ती नजिक बाढी, पहिरो, कटान र जोखिम आकलन गरी सुरक्षाकर्मी एवं वडा कार्यालयसँगको समन्वयमा सुरक्षित स्थानमा सर्ने ।
२. नदी, खोला, नाला किनार एवं पहिरोको जोखिम आसपास बसोबास गर्ने बासिन्दा सतर्क अवस्थामा रहने । आफ्नो आसपासको ठाउँमा बाढी, पहिरो, भूक्षय, नदी कटानको जोखिम देखिएमा नजिकको सुरक्षा निकाय, वडा कार्यालय एवं कालिमाटी गाउँपालिकाको विपद् व्यवस्थापन शाखालाई तुरुन्त खवर गर्ने ।
३. नदी तथा खोलामा बाढी आएको समयमा नदी नालामा माछा मार्ने, पौडी खेल्ने, काठ, दाउरा संकलन गर्ने जस्ता कार्यहरु नगर्ने/नगराउने ।
४. मनसुन सक्रिय अवधिभर नयाँ बाटो खन्ने लगायतका डोजर एवं हेवी इक्विपमेन्ट प्रयोग गरी नयाँ संरचनाहरु निर्माण कार्य बन्द गर्ने ।
५. भूक्षय, नदी कटान, बाढी र पहिरो आउन सक्ने सम्भावनालाई दृष्टिगत गरी विपद् व्यवस्थापनमा संलग्न सबै सरकारी एवं गैर सरकारी निकायहरु उच्च सतर्क अवस्थामा रहने ।
६. सम्भावित वर्षा एवं बाढीबारे सञ्चार माध्यमबाट जानकारी लिई सबै जनाले उच्च सतर्कता अपनाउने ।
७. तत्काल खोज उद्धार र राहतको लागि नजिकको प्रहरी चौकी तथा कालिमाटी गाउँपालिकाको विपद् व्यवस्थापन शाखाको फोन नं ९८४८१२९०२४ मा सम्पर्क गर्ने ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत